कार्यान्वयनको क्रममा स.स.का. ले अनिवार्य जनलेखा परीक्षणलाई प्रोत्साहन गर्दछ ।

### दिगोपन

स.स.का. ले प्रदान गर्ने सहयोग सकिए पछि तथा आयोजना सम्पन्न भई सके पश्चात् पनि आयोजनाबाट प्राप्त लाभहरुलाई कायमै राख्न वा बढाउदै लैजान व्यवहारिक उपायहरुको विकास एवं कार्यान्यवनलाई स.स.का. ले विशेष जोड दिन्छ ।

### नवप्रवर्तनता/नवीनता

स.स.का. विकासका सवालहरुमा परम्परागत वा विद्यमान विधिहरु भन्दा नवीन ढंगबाट कार्यक्रम गरी विशेष फाईदा हुने खालका कृयाकलापहरुलाई प्रोत्साहन गर्दछ ।

### परिपूरकता

समुदायमा संचालन भईरहेका कार्यक्रमहरुमा परिपूरक हुने प्रकारका कृयाकलापहरुमा सहयोग प्रदान गर्दै समुदायलाई थप लाभ प्राप्त गर्न सहयोग पुऱ्याउँछ ।

## प्रस्ताव मूल्यांकनका आधारहरु

समुदाय सहयोग कार्यक्रमले आर्थिक सहयोगका लागि पेश गरिएको प्रत्येक प्रस्तावहरु तलका बूभ्दालाई आधार मानि मूल्यांकन गर्दछ ।

- आयोजनाले कार्यक्रमको उद्देश्यलाई लक्षित गर्छ वा गर्दैन ?
- आयोजनाले समुदायको विभिन्न उपेक्षित एवं पिछडिएका समूहलाई लाभान्वित गर्छ वा गर्दैन ?
- आयोजना समुदाय सहयोग कार्यक्रमले गर्ने खास सहयोग क्षेत्र भित्र पर्छ वा पर्दैन ?
- आयोजना प्रस्तावले समस्या पहिचान, योजना तर्जुमा, यस्को कार्यान्वयन र मुल्याङ्कनमा समुदायको पूर्ण सहभागिता सुनिश्चित गरेको हुनु पर्नेछ ।
- आयोजना प्रस्तावकले आयोजनामा समुदायको आर्थिक, श्रम, समय लगायत कुनै प्रकारको योगदान सुनिश्चित गरेको हुनु पर्नेछ। प्रस्तावमा समुदायको योगदान समानुपातिक रुपमा निश्चित गरिएको छ या छैन ? छ भने समुदायको योगदान प्रस्तावित आयोजनाको कूल लागतको कम्तीमा १० प्रतिशत ५ छैन ?
- आयोजनाले समुदायको असमानता र तनाव कम गर्न सहयोग गर्दछ या गर्दैन ?
- प्रस्तावित आयोजनाले "कसै लाई हानी नगरौ" (Do No Harm) को सिद्धान्त अपनाएको छ वा छैन ?
- प्रस्तावित आयोजनाले ८५ प्रतिशत भन्दा बढी बजेछ सिधै समुदायमा पुऱ्याउने कुरा सुनिश्चित गरेको छ या छैन ?
- समुदायमा आधारित संस्था र गैर सरकारी संस्थाले अनियमितता तथा भ्रष्टाचार हुन नदिन वा कोषको दुरुपयोग हुनबाछ रोक्न आवश्यक रणनीती/उपायहरु अपनाएको छ कि छैन ?
- आयोजनाको वारेका सम्वन्धित लाभान्वित वर्ग वा सरोकारवालाहरुलाई आवश्यक जानकारी दिने व्यवस्था गरिएको छ छैन ?
- आयोजनाको फाइदा कार्यक्रमलाई आर्थिक सहयोगको समाप्ति पछि पनि दिगो र थप समुदायमा विस्तारित हुने किसिमको छ या छैन ?
- आयोजना नवीन विचार/विधि/कार्यक्रम मा आधारित छ या छैन ?
- विद्यमान विकास क्रियाकलापमा योगदान दिने पूरक आयोजना (Complementary Project) को रुपमा थप उपलब्धि हासिल गर्न मदत पुऱ्याउछ या पुऱ्याउदैन ?
- सामान्यतयाः आयोजना अवधि २ वर्ष भन्दा बढी हुनु हुदैन । प्रस्तावित आयोजना छोटो तथा तुरुन्त प्रभाव पार्ने छ या छैन ?
- आयोजनामा सहकार्य गर्न साझेदारहरुको योगदान निश्चित गरिएको छ या छैन ?





**कार्यालय ठेगाना**

**डी.एफ.आई.डी. समुदाय सहयोग कार्यक्रम**

(भेरी प्राविधिक शिक्षालय जाने वाटो)

कस्तूरीमार्ग, पो.व.नं. २, नेपालगंज, बाँके, नेपाल

फोनः (०८१) ५२५९८२ फ्याक्सः (०८१) ५२५९८५

cspn@wlink.com.np , www.csp.org.np

या

डी.एफ.आई.डी. समुदाय सहयोग कार्यक्रम

जिल्ला कार्यक्रम कार्यालय ..................................

फोनः .......................... ईमेल ...........................


# समुदाय सहयोग कार्यक्रम

नेपालगञ्ज







## कार्यक्रम चिनारी

DFID Department For International Development

# परिचय

यस कार्यक्रमले लक्षित वर्गको जीवनस्तरमा दिगो एवं समन्यायिक तरिकाले सुधार गर्नको निम्ति तत्कालिक आवश्यकता अनुरुपको सहयोग प्रदान गर्ने गर्दछ । स.स.का. ले समुदायलाई समुदायमा आधारित संस्थाहरु, जिल्ला स्थित समुदाय सहयोग अधिकृतहरुको सहजीकरण, गैर सरकारी संस्थाहरु तथा डी.एफ.आई.डी. द्वारा संचालित अन्य कार्यक्रमहरु मार्फत् सहयोग प्रदान गर्दछ । यसका अतिरिक्त स.स.का. ले जिल्लामा भएका विभिन्न विकाससँग सम्वन्धित प्रयासहरुलाई पूरक सहयोग (Complementary Support) प्रदान गर्ने पनि गर्दछ ।

मध्य तथा सुदूर पश्चिमाञ्चल बिकाश क्षेत्रका २३ जिल्लाहरुमा हाल आयोजनाहरु संचालित भएतापनि डी.एफ.आई.डी. को समुदाय सहयोग रणनीती अनुरुप अब उप्रान्त स.स.का. ले बैतडी, कैलाली, सुर्खेत, दैलेख, जाजरकोट, जुम्ला, मुगु र रुकुम जिल्लाहरुबाट प्राप्त समुदायद्वारा नेतृत्व भएका प्रस्तावहरुलाई मात्र आर्थिक सहायता प्रदान गर्दछ । सन् जनवरी २००३ देखी जुलाई २००७ (२०५९ माघ देखी २०६४ श्रावण) सम्मका लागि ४२ करोड रुपैया अनुमानित वजेट विनियोजन गरिएको छ जस मध्य कार्यक्रम व्यवस्थापनका लागि करिव ६ करोड प्रस्ताव गरिएको छ ।





समुदाय सहयोग कार्यक्रम (स.स.का.) संयुक्त अधिराज्य सरकारको अन्तराष्ट्रिय विकास विभाग (डी.एफ.आई.डी.) द्वारा संचालित कार्यक्रम हो । यस कार्यक्रमले नेपालको मध्य तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका विपन्न एवं उपेक्षित समुदायको तत्कालिक आवश्यकता परिपूर्ति गर्न सहयोग पुऱ्याउदै आइरहेको छ ।

## कार्यक्रमको उदेश्य

यस कार्यक्रमको उदेश्य गरीव, उपेक्षित एवं द्वन्द्वबाट प्रभावित महिला, पुरुष तथा वालवालिकाहरुका जिविकोपार्जन र मानवीय विकासका प्राथमिकताहरुका तात्कालिक आवश्यकता पूरा गर्न सहयोग प्रदान गर्नु हो ।

## लक्षित समूह

गरीव, उपेक्षित र द्वन्द्वबाट प्रभावित समुदाय तथा समूहहरु ( विस्थापित, विधुवाहरु, टुहुराहरु, तथा अपाङ्गहरु आदि)

## मुख्य सहयोगका क्षेत्रहरु

स.स.का ले समुदायद्वारा पहिचान एवं नेतृत्व गरिएका प्रस्तावहरुको कार्यान्वयन गर्ने क्रममा आम्दानी बृद्धि गराउने क्रियाकलाप, खाद्य सुरक्षा, साना ग्रामीण पूर्वाधारहरु (खानेपानी, सिंचाई, पैदल पुलहरु, गोरेटो बाटो आदि), शिक्षा (विशेषगरी द्वन्द्व प्रभावित बाल बालिकाको लागि) र स्वास्थ्य आदि क्षेत्रमा सहयोग प्रदान गर्दछ ।

## कार्यक्रम कार्यान्वयन रणनीतीहरु

### प्रस्ताव पेश

लक्षित समुदाय वा समूहले स.स.का. बाट उपलब्ध गराईएको प्रस्ताव खाका भरी समुदाय सहयोग अधिकृतको सहयोगमा प्रस्ताव पेश गर्नुपर्नेछ । प्रस्तावमा समुदायका सवै मानिसहरुले एक आपसमा छलफल गरी निर्धारण गरेको अति आवश्यक प्राथमिकताहरुलाई सम्बोधन गरेको हुनु पर्नेछ ।

### प्रस्तावको मूल्यांकन

प्रस्तावहरु प्राप्त भए पछि स.स.का ले निर्धारण गरेको आधारहरु प्रयोग गरी कार्यक्रमको उदेश्य, लक्षित, समूह, मुख्य सहयोगका क्षेत्रहरु र निर्देशक सिद्धान्तको आधारमा मूल्यांकन गरिन्छ । समुदायको विशेष अवस्था र परिस्थितिहरुलाई ध्यानमा राख्दै मूल्यांकनका आधारहरुलाई लचकता प्रदान गर्न सकिन्छ । समुदाय सहयोग अधिकृतद्वारा प्रस्तावको प्रारम्भिक मूल्यांकन गरिन्छ । यदि प्रस्ताव ठूलो रकमको, खर्चिलो, प्राविधिक रुपमा जटिल छ (वा अन्य केहि तत्वहरु जसमा समुदाय सहयोग अधिकृतलाई सल्लाहको आवश्यकता पर्दछ) भने समुदाय सहयोग अधिकृतले उक्त प्रस्तावलाई आवश्यक मूल्यांकनका लागि नेपालगञ्ज कार्यालयमा पठाउने छ । उक्त प्रस्तावलाई आवश्यक्ता अनुसार प्राविधिकहरुद्वारा पुन: मूल्याङ्कन गराईनेछ ।

### कार्यान्वयन

स.स.का. ले कुनै पनि कृयाकलापहरु आफै कार्यान्वयन गर्दैन । समुदायहरु नै आफ्नो आयोजनाको कार्यान्वयनमा उत्तरदायी हुन्छन र आयोजनाको व्यवस्थापन समितिद्वारा नै गरिन्छ । समितिहरुमा समुदायमा विद्यमान रहेको जातीय तथा महिलाहरुबाट समान रुपमा प्रतिनिधित्व हुनु पर्नेछ । साथै सबै समूह तथा राजनितिक पार्टीहरुको सहभागितालाई स्वागत गरिनेछ ।

### समुदायको योगदान

समुदायको अपनत्व, जवाफदेहिता र दिगोपनको भावनाहरु बृद्धि गर्नाका लागि समुदायको आर्थिक एवं श्रम कुनै पनि प्रकारको योगदान आवश्यक पर्दछ ।





### अनुगमन

आयोजना व्यवस्थापन समितिले नियमित रुपमा कार्य प्रगति अनुगमन तथा प्रतिवेदन स.स.का. लाई पेश गर्नु पर्नेछ । स.स.का. ले आयोजनाको खर्च र क्रियाकलापहरुलाई जन लेखापरीक्षण विधिद्वारा समुदायका सबैलाई पारदर्शी रुपमा जानकारी गराउँदछ । आयोजनाको आम्दानी तथा खर्च विवरणहरु समुदायमा खडा गरिएको सूचना पाटीमा टाँसिन्छ र समितिले परिवर्तित विवरणहरुलाई समय समयमा दुरुस्त गर्नु पर्नेछ । स.स.का. का कर्मचारी तथा परामर्सदाताहरुले आयोजनाको थप अनुगमन गर्नेछन् ।

### आयोजना मूल्यांकन

आयोजना सम्पन्न भए पश्चात समुदाय वा अन्य सहजकर्ताले आयोजनाको सफलता र प्रभाव मूल्यांकन गरि अन्तिम प्रतिवेदन पेश गर्दछ । आयोजना समाप्तिमा जनलेखा परीक्षण अपरिहार्य हुन्छ । आर्थिक सहयोग प्रदान गरेको कुनै पनि आयोजनालाई स.स.का. ले पुनरावलोकन गर्न सक्नेछ ।

## मार्ग निर्देशक सिद्धान्तहरु

### सहभागिता

स.स.का. ले आयोजना पहिचान, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सबै सरोकारवालाहरु खास गरी लाभान्वित समुदायको सहभागितालाई बढावा दिन्छ ।

### समुदायका आफ्नै पहलहरु

समुदायहरु स्वयंले पहिचान गरी कार्यान्वयन गर्ने क्रियाकलापलाई स.स.का. ले सहयोग गर्दछ जसले गर्दा समुदायका आफ्नो समस्याहरु आफैले समाधान गर्ने क्षमता र आत्मविश्वासको विकास हुन्छ एवं कार्य प्रति जवाफदेहिता पनि बढेर जान्छ ।

### समाहितता र समन्यायिक

समुदायभित्र हुन सक्ने तनावलाई रोक्न सम्भव भए सम्म आयोजनाले समुदायका सवै व्यक्तिहरुलाई लाभ प्रदान गर्ने खालको हुनु पर्दछ तर पिछडिएको र उपेक्षित समूहहरुमा कार्यक्रमको पहुँच पुऱ्याउन स.स.का. ले त्यस्ता समुदायहरुलाई विशेष रुपले फाईदा पुऱ्याउने खालका कार्यक्रमलाई सहायता प्रदान गर्ने गर्दछ ।

### पारदर्शीता

पारदर्शीताले सरोकारवालाहरु र लाभान्वित समुदाय विचको बुझाईलाइ सुधार गर्दै आयोजना कार्यान्वयनको लागि सहज तरीकाले काम गर्ने वातावरण सिर्जना गर्न मद्दत गर्दै भ्रष्टाचारलाई रोक्दछ । आयोजना